# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड २) तिलोत्तमा, पौष महिना १२ गते २०७५ साल (अतिरिक्ताङ्क २९**


**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७५ सालको कार्यविधि नं. २०

### कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको स्वयंसेवक परिचालन कार्यविधि-२०७५

**प्रस्तावना** : वर्तमान अवस्थामा गैर सरकारी संघ संस्था, नागरिक समाज र सरकारी निकायहरुबाट स्वास्थ, शिक्षा, विपद् व्वस्थापन, सार्वजनिक सेवा प्रवाह, आकस्मिक कार्यमा सहयोग, जनचेतना अभिवृद्धि, निसहायहरुको उत्थान, हेरचाह र स्वयंसेवी भावनाको प्रवर्द्धन जस्ता कार्यहरुमा स्वयंसेवक परिचानल गरी स्वयंसेवाको माध्यमबाट प्रभावकारी भूमिका र योगदान पुगिरहेको सन्दर्भमा तिलोत्तमा नगरपालिकाले अगाडि सारेका विभिन्न अभियानहरुको लक्ष्य प्राप्तिमा आवश्यकतानुसार यस्तो स्वयं सेवा कार्यक्रम (Municipal Volunteering Program-MVP) लागु गरी व्यवस्थित तवरले सेवा लिन बाञ्छनीय देखिंदा यस नगरपालिकामा त्यस्तो सेवाको प्राप्ती, व्यवस्थापन र परिचालन गर्ने उद्देश्यबाट तिलोत्तमा नगरपालिकाको केही कानून तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ ।

(३) यस कार्यविधि बमोजिम प्रथम चरणमा दफा ७ (१) (ग) बमोजिम युवा स्वयंसेवकको व्यवस्थापन र परिचालन गरी स्वयंसेवा कार्यक्रम संचालन गरिनेछ ।

**८. युवा स्वयंसेवक सम्बन्धी व्यवस्था :**

(१) यस कार्यविधि बमोजिम स्वयंसेवा परिचालन गर्न सकिने क्षेत्रमा काम गर्न युवा स्वयंसेवकको व्यवस्था गरिनेछ, जसलाई नगर युवा स्वयंसेवक (Municipal Youth Volunteer) र छोटकरीमा MYV भनिने छ ।

(२) नगर युवा स्वयंसेवकको रुपमा काम गर्न चाहने व्यक्तिको योग्यता देहाय अनुसार हुनेछ ।

(क) नागरपालिका क्षेत्रभित्र स्थायी बसोबास गरेको नेपाली नगरिक ।

(ख) शारीरिक तन्दुरुस्ती भएको ।

(ग) १६ वर्ष उमेर पूरा भएको र ४० वर्ष ननाघेको महिला वा पुरुष युवा ।

(घ) चाल चलन राम्रो भएको, कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(ङ) कम्तीमा ८ कक्षा उर्त्तीण भएको ।

(च) तोकिएको ठाउँमा काम गर्न प्रतिवद्धता भएको ।

(छ) स्वयंसेवीको रुपमा काम गर्न तत्पर र प्रतिवद्ध रहेको ।

(३) स्वयंसेवकको रुपमा पारिचालित हुने नगर युवा स्वयंसेवकको आवश्यक संख्या नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) नगर युवा स्वयंसेवकको छनौट र परिचालन सम्बन्धी व्यवस्था यसै कार्यविधिमा उल्लेख भए अनुसार हुनेछ ।

(ङ) नगर कार्यपालिकाले तोकेको भन्दा बढी संख्यामा स्वयंसेवकको सेवा लिन आवश्यक परेमा संख्या तोकी नगर कार्यपालिकामा पेश गर्ने ।

(च) स्वयंसेवा परिचालित क्षेत्रहरुमा कार्यरत स्वयंसेवकहरुको कामको लेखाजोखा गर्ने, विभिन्न श्रोतबाट प्राप्त हुने सूचनाका आधारमा यस कार्यक्रमको समग्र मूल्याङ्कन गरी भावि रणनीति तय गर्ने ।

(छ) स्वयंसेवा परिचालन सम्बन्धी नीतिमा आवश्यक परिमार्जन गरी नगर कार्यपालिकामा सिफारिस गर्ने ।

(ज) परिचालित स्वयंसेवकहरुको विस्तृत विवरण सामाजिक विकास शाखामा राख्न लगाउने र खटन पटनका लागि उक्त शाखाको अधिकृतलाई आवश्यक निर्देश गर्ने ।

(झ) निर्देशक समितिले आवश्यक ठानेका स्वयंसेवा परिचालन सम्बन्धी अन्य कार्यहरु गर्ने ।

**१०. नगर युवा स्वयंसेवक छनौट सम्बन्धी व्यवस्था :**

(१) यस कार्यविधि बमोजिम नगर युवा स्वयं सेवक छनौट गरी सिफारिश गर्न देहाय बमोजिमको छनौट समिति रहने छ ।

| | |
|---|---|
| (क) नगर उप-प्रमुख | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) कर्मचारी प्रशासन शाखाका प्रमुख | - सदस्य |
| (घ) आवश्यकतानुसार छनौट समितिले आमन्त्रण गरेको विषय विज्ञ | - सदस्य |
| (ङ) सामाजिक विकास शाखाका अधिकृत | - सदस्य सचिव |

(२) निर्देशक समितिले वडागत रुपमा नगर युवा स्वयंसेवक छनौट गरी नगर कार्यपालिकामा सिफारिश गरी पठाउँदा सहजता र व्यवहारिक हुने ठानेमा यस कार्यविधि बमोजिम योग्यता पुगेका युवाहरुबाट नगर युवा स्वयंसेवक छनौट गरी पठाउँन वडा अध्यक्षलाई निर्देश गर्न सक्नेछ । यसरी वडा स्तरमा छनौट सम्बन्धी कार्य गर्दा वडा अध्यक्षको संयोजकत्वमा वडा समितिले तोकेको १ जना सदस्य र वडा सचिव सहितको ३ सदस्यीय समितिले गर्नु पर्नेछ ।

